नेपाल सरकार
गृह मन्त्रालय

फोन:- ०८८-५३००४०
०८८-५३००९०
फ्याक्स:- ०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

# जिल्ला प्रशासन कार्यालय

मुसिकोट रुकुम (पश्चिम)

पत्र संख्या:-०७७/०७८/प्रशासन

च.नं.:

मिति: २०७७।०६।२९

## जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) को जरुरी सूचना

मुलुक यति बेला विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को संक्रमणबाट गुज्रिरहेको अवस्था सर्वविदितै छ ।यस विषम परिस्थितिमा हाम्रा दैनिक जीवनयापन, सेवा प्रवाह, विकास निर्माण तथा पेशा व्यवसाय सहज ढंगले सञ्चालन हुन सकिरहेको छैन ।यसैबीच नेपालीहरुको महान चाड पर्व विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत, छठ पर्व आदि हाम्रो संघारमा आइसकेका छन्।यस प्रतिकूल परिस्थितिमा विगत बर्षहरुको सामान्य अवस्थामा जस्तै चाडपर्व मनाउन नसकिने र चाडपर्व मनाउँदा कोभिड-१९ को संक्रमणबाट बच्नुपर्ने भएकोले आवश्यक सावधानी अपनाउनुपर्ने देखिएको छ ।यसै गरी चाडपर्वका समयमा हुन सक्ने लुटपाट, चोरी, डकैती, झैझगडा लगायतका अपराध तथा आगलागी, विष्फोट जस्ता घटनाबाट बच्न समेत उच्च सतर्कता र सावधानी अपनाउनुपर्ने देखिएको छ। यी सबै अवस्थालाई मध्यनजर राखी स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) तथा संक्रामक रोग ऐन २०२० को दफा २(१) मा उल्लेखित व्यवस्था, जिल्ला विपद व्यवस्थापन समिति तथा जिल्ला सुरक्षा समितिको बैठकबाट भएका निर्णयहरु समेतका आधारमा देहाय बमोजिम गर्नु/गराउनुहुन यो सूचना जारी गरिएको छ । यस सूचनामा उल्लेखित विषयहरुको पालना नगरेको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ ।

१. चाडपर्व मनाउँदा सकभर जो जहाँ रहेको छ, त्यहीं रही अनावश्यक जमघट र यात्रा नगरी आफ्नै परिवारका सदस्यहरुबीच मात्रै मनाउन अनुरोध गरिन्छ ।
२. जिल्लाभित्र सञ्चालन हुने कुनै प्रकारका मेला, जात्रा, महोत्सव तथा मानिसहरुको अनावश्यक भीडभाड र जमघट हुने खालका कार्यहरु गर्न/गराउन पाइनेछैन ।
३. बेलुकी ८:०० बजे पश्चात मदिरा तथा मदिराजन्य पदार्थ बेचबिखन तथा सेवन गर्न/गराउन पाइनेछैन ।
४. पटका, आतसबाजी लगायतका बिष्फोटक पदार्थहरूको आयात, प्रयोग र संचय गर्न/गराउन पाइनेछैन
५. जुवा, तास खेल्ने खेलाउने लगायत कानूनले निषेध गरेका कुनै प्रकारका कार्यहरु गर्न/गराउन पाइनेछैन ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
फोन:- ०८८-५३००४०
०८८-५३००९०
फ्याक्स:- ०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

# जिल्ला प्रशासन कार्यालय

पत्र संख्या:-०७७/०७८/प्रशासन

मुसिकोट रुकुम (पश्चिम)

६. सवारी साधनमा क्षमताभन्दा बढी यात्रु चढाउने, बढी भाडा असुल गर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन चढाउने, यात्रुहरुलाई अभद्र व्यवहार गर्ने, गन्तव्यसम्म नपुऱ्याउने, सडक अवरोध हुने गरी पार्किङ गर्ने जस्ता कार्य गर्न/गराउन पाइनेछैन ।

७. पसल तथा व्यवसाय सञ्चालन गर्दा भीडभाड नहुने गरी स्वास्थ्य सुरक्षाका मापदण्ड प्रयोग गरेर सञ्चालन गर्नुपर्नेछ ।

८. सामाजिक दुरी कायम गर्ने, घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्क लगाउने, नियमित रुपमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने जस्ता स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्ने र कुनै लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्नेछ।

**पुनश्चः** *कुनै अपराध, दुर्घटना वा विपदका घटना भएमा वा उल्लेखित सूचनाको उल्लंघन भएको पाइएमा तुरुन्त नजिकको प्रहरी इकाई वा नेपाल प्रहरीको कन्ट्रोल युनिटको सम्पर्क नं १०० वा यस कार्यालयको सम्पर्क नं ०८८- ५३००९० मा जानकारी गराउनुहुन समेत अनुरोध गरिन्छ ।*

२०७७/०६/२९

(बद्रीनाथ गैह्रे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी